# आठविसकोट नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७४

**प्रस्तावना** : आठविसकोट नगरपालिकामा विभिन्न पदहरुमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड बनाउन बाञ्छनिय भएकोले आठविसकोट नगर कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम "आठविसकोट नगरपालिकामा विभिन्न पदहरुको स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७४" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) "पदपुर्ति समिति" भन्नाले नगरपालिकाको स्विकृत दरवन्दीअनुसार रिक्त पदमा स्थायी वा अस्थायी वा करार सेवामा पदपुर्तिको लागि नगर कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले आठविसकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि व्यवस्था**

(१) लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह)- रू. ५००।०० प्रतिघण्टा

(ख) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरह)- रू. ३००।०० प्रतिघण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह)- रू. २००।०० प्रतिघण्टा

(घ) कार्यालय सहयोगी- रू. १००।०० प्रतिघण्टा

(ङ) सुरक्षाकर्मी- रू. १००।०० प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि खटिने कर्मचारीको सेवा सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक (राजपत्रांकित वा सो सरह)- रू. १०००।०० प्रतिसिफ्ट

(ख) सदस्य (राजपत्रांकित वा सो सरह)- रू. ८५०।०० प्रति सिफ्ट

(ग) विषय विशेषज्ञ - रू. ८५०।०० प्रति सिफ्ट

(घ) सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह)- रू. ५०० प्रतिसिफ्ट

(ङ) कार्यालय सहयोगी- रू. ३०० प्रतिसिफ्ट

(च) सुरक्षाकर्मी- रू. ३०० प्रतिसिफ्ट

स्पष्टिकरण : "प्रतिसिफ्ट" भन्नाले बढिमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई छ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

**४. उम्मेदवारको लिखित परिक्षाको उत्तर पुस्तिका जांच गर्ने परिक्षकले प्राप्त गर्ने सुविधा :**

(१) उत्तर पुस्तिका जांचको लागि राजपत्रांकित वा सो सरहको कर्मचारीलाई खटाईनेछ ।

(२) उत्तर पुस्तिका जांच गर्ने परिक्षकले प्रति उत्तर पुस्तिका विषयगत भए रू. ५० र वस्तुगत भए रू. २५ प्राप्त गर्नेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :**

(१) पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसारको बैठक भत्ता वापतको रकम प्राप्त गर्नेछन् ।

**६. यसै बमोजिम भएको मानिने :**

(१) यो मापदण्ड बन्नुपुर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यसै बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मिति:** २०७४/०५/३१

**प्रमाणिकरण मिति**
२०७४/०६/०४

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)